परिच्छेद

3

## ३.३ राज्य र मानव अधिकार

# व्यवस्थापिका

कानुन निर्माणमा अलमल

शीर्ष नेताहरूको निरासाजनक उपस्थिति र संसद बाहिरै सकृयता

संसद अवरोध की कानुन निर्माणमा अवरोध ?

संसदप्रति सरकारको जबाफदेहिताको अवस्था

सङ्घीय संसदका समितिहरूको गठन

संसदीय सनुवाइ समितिः प्रकृया र औपचारिकता

सङ्क्रमणकालीन न्यायका सवालमा अकर्मण्यता

प्रदेश सभाहरू : विधेयक निर्माणमा अलमल

## परिचय

पहिलो पाँच वर्षको सिकाइका आधारमा कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने अपेक्षा गरिएको भए पनि सन् २०२३ मा सङ्घीय संसद र प्रदेश सभा अपेक्षाअनुसार प्रभावकारी हुन सकेनन्। मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कानुन र नीतिहरू लागू गर्ने दायित्वबाट विमुखप्राय: रहेको संसद सत्ता परिवर्तनमा व्यस्त भयो। अधिकांश प्रदेश सभाहरूमा पनि यस्तै कृयाकलाप भए। मधेश प्रदेशमा त एउटा पनि कानुन बन्न सकेन। प्रदेश सभाहरूमा पनि सङ्घको जस्तै सत्तापलटको छाँया परिरह्यो। सन् २०२३ व्यवस्थापिकाका लागि महत्त्वपूर्ण थियो। सङ्घीय संसदको पहिलो कार्यकाल पूरा भई २०७९ मङ्सिरमा सम्पन्न भएको दोस्रो आमनिर्वाचनबाट निर्वाचित प्रतिनिधि सभा र सात ओटै प्रदेश सभाले एक वर्षको अवधि पूरा गरे।

राज्यशक्तिलाई तीन तहमा विभाजन गरेको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा व्यवस्थापिकीय अङ्ग रहने र तत्तत् निकायबाट कानुन निर्माण हुने परिकल्पना गरेको छ (धारा ५६, २०७२)। सङ्घमा प्रतिनिधि सभा र राष्ट्रिय सभासहितका दुई सदनात्मक सङ्घीय संसद, प्रदेशमा एक सदनात्मक प्रदेश सभा र स्थानीय तहमा गाउँसभा र नगरसभाको प्रबन्ध गरिएको छ (धारा ८३, धारा १७५, धारा २२१, २०७२)। यस आलेखमा सङ्घीय व्यस्थापिका र प्रदेश व्यवस्थापिकाले वर्षभर गरेका कामको सङ्क्षेपमा विश्लेषण गरिएको छ।

## कानुन निर्माणमा अलमल

यो वर्ष सङ्घीय संसदले एउटा मात्र कानुन निर्माण गर्नसक्यो। बजेटसँग सम्बन्धित तीनओटा बाहेक सङ्घीय संसदले थप एउटामात्र विधेयक पारित गऱ्यो। संसदमा विचाराधीन सङ्क्रमणकालीन न्यायसमेतका दुई दर्जन विधेयक टुङ्गोमा पुग्न सकेनन्। यस तथ्यका आधारमा भन्नैपर्छ मुलुकको प्रमुख व्यवस्थापिका आ-आफ्नो प्रमुख कार्यभारबाट विमुख भयो।

प्रतिनिधि सभाको पहिलो कार्यकालको अन्त्यतिरबाट टाढिएको राजनीतिक दलहरूबीचको दूरी प्रतिनिधि सभाको दोस्रो कार्यकालमा पनि सुधार हुन सकेन। संसदको प्रमुख ध्यान सरकार निर्माण, सरकार निर्माणका लागि गठबन्धन निर्माण, विश्वासको मत र संसद अवरोधमा केन्द्रित हुँदा आफ्नो प्रमुख कार्यबाट विमुख हुन पुगेको तथ्यको पुष्टि गर्न यस वर्षका संसदीय गतिविधि पर्याप्त रहे। यो वर्ष सरकारलाई पटक-पटक विश्वासको मत दिने (एमालेसहित) र बजेट पारित गर्ने बाहेक मानव अधिकार, मौलिक हकको कार्यान्वयन तथा जनजीविकासँग जोडिएका कानुन निर्माण गर्ने कार्यमा सङ्घीय संसदले अग्रसरता देखाएको पाइएन। विगतका वर्षहरूझैं यस वर्ष पनि संसदका बैठकहरूमा सांसदहरूको न्यून उपस्थिति, शीर्ष नेताहरूको नगन्य उपस्थिति हुने क्रमले निरन्तरता पायो। व्यवस्थापकीय कार्य शीर्ष नेताहरूको प्राथमिकतामा परेन।

यस वर्षका दुवै अधिवेशनमा प्रधानमन्त्री तथा मन्त्रीहरूसँगको प्रश्नोत्तर नियमित भएन भने सदनको शून्य र विशेष समय समेत प्रभावकारी देखिएन। सदनमा राष्ट्रिय सरोकार र जनजीविकाका विभिन्न विषयमा सांसदहरूले सरकारको ध्यानाकर्षण गर्न व्यक्तिगत रूपमा शून्य समय र दलीय रूपमा विशेष समय पाउँछन्। यस्तो महत्त्वपूर्ण समयलाई पनि सांसदहरूले आफ्नो दलीय र निर्वाचन क्षेत्रगत विषयमा मात्रै केन्द्रित गरे।

संसदले २०७९ पुस २५ गतेबाट काम सुरु गरेको थियो (राष्ट्रपतिले संविधानको)। प्रतिनिधि सभाको माघ ५ गतेको बैठकले देवराज घिमिरेलाई सभामुख र माघ ७ गतेको बैठकले इन्दिरा रानालाई उपसभामुखमा निर्वाचित गऱ्यो। त्यस्तै, २०७९ माघ २३ गते राष्ट्रिय सभाले रिक्त उपाध्यक्ष पदमा उर्मिला अर्याललाई र तत्कालीन समितिका सभापति मन्त्री बनेपछि रिक्त विधायन व्यवस्थापन समितिको सभापति पदमा जयन्तीदेवी राईलाई निर्वाचित गऱ्यो।

संसदले अघिल्लो वर्षबाटै चर्चामा आएको सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई टुङ्गोमा पुऱ्याउन सकेन भने मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कानुन र नीतिहरू लागु गर्न र सरकारका काम कारबाहीको अनुगमन र निगरानी गर्ने जिम्मेवारीमा समेत संसद निरिह प्राय: रह्यो। संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त सदनलाई सम्बोधन गर्दा यो विषयलाई प्रमुखताका साथ उठाए। यो वर्ष बसेका सङ्घीय संसदको सभा बैठकमा शून्य समय र विशेष समयमा सांसदहरूले जनजीविकाका सवालमा सरकारको ध्यानाकर्षण गराउन सकेनन्। आफ्नै पार्टी र दलसँग सम्बन्धित विषयमात्र उनीहरूका मूल मुद्दा रहे र त्यस्तै विषयको उठानमा आफ्नो समय व्यतित गरे।

**संयुक्त बैठक**

यो वर्ष सङ्घीय संसदको दुवै सदनको ६ ओटा संयुक्त बैठक बसे। नेपालको औपचारिक भ्रमणमा रहेका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटरेसको सम्बोधन कात्तिक १४ संयुक्त बैठकमा भयो। प्रतिनिधि सभाको पहिलो तथा राष्ट्रिय सभाको १३ औँ अधिवेशन अवधिमा सङ्घीय संसदको दुवै सदनको एउटा मात्र संयुक्त बैठक बस्यो। २०७९ माघ २७ गते आयोजित दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको सम्बोधन थियो (प्रतिनिधि सभा, २०८०)। त्यस्तै २०८० वैशाख २४ गतेबाट सुरु भएको प्रतिनिधि सभाको दोस्रो तथा राष्ट्रिय सभाको चौधौँ अधिवेशनमा पाँचओटा संयुक्त बैठक बसेका छन् (प्रतिनिधि सभा, २०८०)। त्यसमध्ये २०८० जेठ ५ गते राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नेपाल सरकारको नीति तथा कार्यक्रम सङ्घीय संसदको दुवै सभाको संयुक्त सदनमा प्रस्तुत गरियो।

**शीर्ष नेताहरूको निरासाजनक उपस्थिति र संसद बाहिरै सकृयता**

संसदमा रहेका दलहरू र खासगरी शीर्ष नेतृत्वका व्यवहारबाट संसदको उपेक्षा हुन गएको देखिन्छ। जननिर्वाचित प्रतिनिधिहरूको महत्त्वपूर्ण थलो संसद जहाँ कानुन निर्माण गरिन्छ र जनजीविका लगायत जनताका सवालमा आवाज उठाउने, छलफल गर्ने महत्त्वपूर्ण भूमिका हुनु पर्नेमा संसदका बैठकमै सांसद उपस्थिति निराशाजनक देखियो। विगतमाझैँ यस वर्ष पनि संसदका बैठकहरूमा सांसदहरूको न्यून उपस्थिति रह्यो भने राजनीतिक दलका शीर्ष नेताहरूको उपस्थिति पनि सदाझैँ नगन्य रह्यो। राजनीतिक दलका शीर्ष नेताहरूको उपस्थिति नहुँदा अन्य सांसदहरूको उपस्थिति पनि ६० प्रतिशतमाथि नभएको संसदको अभिलेखमा देखिन्छ।

सङ्घीय संसदको अधिवेशन निष्प्रभावी बन्न पुगेको मात्र होइन संसद सरकार भत्काउने र बनाउने थलोको रूपमा मात्रै प्रयोग भयो। सरकार बनेको चार महिनामा एउटै प्रधानमन्त्रीले दुईपटक विश्वासको मत लिनु परेको थियो (हाम्राकुरा, २०८०)। प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले प्रतिनिधि सभाको पहिलो अधिवेशनमा पहिलोपटक पुस २६ गते र नेकपा एमाले फागुन १५ गते सरकारबाट फिर्ता हुने निर्णय गरेपछि चैत ६ गते दोस्रो पटक संसदबाट विश्वासको मत लिनु पर्‍यो। दोस्रो ठूलो दलको समर्थनमा प्रधानन्त्रीले पहिलोपटक विश्वासको मत लिँदा संसदको पहिलो ठूलो दल नेपाली काङ्ग्रेसले पनि प्रधानमन्त्रीको पक्षमा मतदान गरेको थियो।

**संसद अवरोध कि कानुन निर्माणमा अवरोध ?**

मुलुकका महत्त्वपूर्ण विषयमा गम्भीर छलफल हुनुपर्ने संसद भिन्नभिन्न सन्दर्भमा फरक फरक सवाल प्रस्तुत गर्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले पटक-पटक अवरोध गरिरह्यो। राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण(सङ्घीय संसद), जिल्ला निर्वाचन कार्यालयलाई जिल्ला प्रशासन कार्यालय मातहत राख्ने निर्णय, पशुपतिनाथको जलहरिबारे एक सतारूढ सांसदले संसदमा प्रश्न उठाएको विरोधमा, प्रधानमन्त्रीले भारतसँग भूमि साटफेर गर्न सकिने अभिव्यक्तिमा आपति जनाउँदै, प्रधानमन्त्री दाहाल (प्रचण्ड)ले आफूलाई प्रधानमन्त्री बनाउन सरदार प्रितम सिंह बारम्बार दिल्ली धाएको भन्ने अभिव्यक्ति दिएपछि, उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले सुन प्रकरणबारे जवाफ दिनुपर्ने र सुन तस्करीको छानबिन गर्न उच्चस्तरीय समिति बनाउनुपर्ने मागसहितका विषयहरूमा एमालेले संसद अवरोध गरेको थियो।

यसरी, खासगरी कार्यपालिकासँगको आक्रोश संसदमा पोखिँदा समग्र विधायिकाबाट अपेक्षा गरिने कानुन निर्माणप्रतिको ध्यान, चासो, विधिको शासनका सवालमा सरकारसँग विधायकहरूको जबाफदेहिताको खोजी र सकृयता ओझेलमा पर्न गएको देखिन्छ। यस वर्ष सङ्घीय संसदको दुवै सदनका दुईओटा अधिवेशन आह्वान भए। प्रतिनिधि सभाको पहिलो अधिवेशनमा २८ र दोस्रो अधिवेशनमा ६५ गरी जम्मा ९३ बैठक बसे (घिमिरे, २०८०) तर आर्थिक वर्ष २०८०/०८१ को बजेटसँग जोडिएका विनियोजन, राष्ट्र ऋण र आर्थिक गरी तीन ओटा विधेयक तथा राष्ट्रिय सभामा उत्पत्ति भएको अनुचित लेनदेनसम्बन्धी विषय समेटिएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक संविधानले निर्दिष्ट गरेभन्दा ढिलो गरी पारित( राष्ट्रपतिबाट २०८०) गरेबाहेक अरू कुनै विधेयक पारित गर्न सकेन। प्रतिनिधि सभामा २०७९ फागुन २५ गते दर्ता भएको सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकसहित १० ओटा र राष्ट्रिय सभाले पारित गरी पठाएका आठ ओटा विधेयक विचाराधीन रहेता पनि सभाले कुनै विधेयक पारित गरी राष्ट्रिय सभामा पठाउन सकेको छैन भने राष्ट्रिय सभाले पारित

गरी पठाएका दुईओटा विधेयक त सभामा प्रस्तुत समेत गर्न सकेको छैन।

यो वर्षको अन्त्यसम्ममा प्रतिनिधि सभामा २० ओटा विधेयक विचाराधीन रहेका छन्। त्यसमध्ये प्रतिनिधि सभामा उत्पत्ति भएका राष्ट्रिय सभाले पारित गरी पठाएका दश/दश ओटा रहेका छन्। यसअघि प्रतिनिधि सभाको पहिलो कार्यकाल सकिँदा राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाएका पाँचसहित २६ विधेयक प्रतिनिधि सभाबाट र प्रतिनिधि सभाले पारित गरी पठाएको एउटा विधेयक राष्ट्रिय सभाबाट निष्क्रिय भएका थिए (संसद दर्पण, २०७९)।

विधेयक व्यवस्थापनको प्रश्नमा राष्ट्रिय सभाले तुलनात्मक रूपमा राम्रो काम गरेको देखिन्छ। यस अवधिमा प्रमाणीकरण भएका चार विधेयकबाहेक राष्ट्रिय सभाले १० ओटा विधेयक पारित गरी प्रतिनिधि सभामा पठाएको छ भने सभामा एक र सभा अन्तर्गतको समतिमा दुई गरी तीनओटा विधेयक विचाराधीन अवस्थामा रहेका छन्। यो वर्ष राष्ट्रिय सभाको १३ औँ अधिवेशनमा १९ र १४ औँ अधिवेशनमा ४८ गरी जम्मा ६७ ओटा बैठक बसेका थिए। राष्ट्रिय सभाबाट १३ औँ अधिवेशन अवधिमा दुईओटा र १४ औँ अधिवेशनको अवधिमा एउटा विधेयक फिर्ता भएका थिए।

प्रतिनिधिसभामा दर्ता भएका औषधी तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक (गैरसरकारी), बैंकिङ कसुर तथा सजाय विधेयक र भन्सार विधेयक सदनमा पेस भएको छैन। राष्ट्रिय सभाले पारित गरी पठाएका राष्ट्रिय मर्यादासम्बन्धी विधेयक र विद्युतीय व्यापार विधेयक प्रतिनिधिसभामा पेश हुन सकेको छैन। अन्य विधेयकहरू सभा र समितिमा विचाराधीन रहेका छन्। राष्ट्रिय सभातर्फ समितिको प्रतिवेदनसहित अध्यागमन विधेयक सभामा विचाराधीन छ भने दुई ओटा समितिमा विचाराधीन रहेका छन्।

**संसदप्रति सरकारको जबाफदेहिताको अवस्था**

नेपालको संविधानले प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा सङ्घीय संसदप्रति उत्तरदायी हुने प्रबन्ध गरेको छ (धारा ७६, २०७२)। संसदले उठाएका सवालमा सरकारका मन्त्रीहरूले जवाफ दिनुपर्ने मान्यता अनुरूप यस वर्ष प्रधानमन्त्रीसहित केही मन्त्रीहरूले संसदमा उपस्थित भएर जबाफ दिए। तर समग्रमा सरकार संसदप्रति जबाफदेही हुन नसकेको उदाहरणहरू यस वर्ष पनि देखिएका छन्। विगतका वर्षहरूझैं संसदलाई छलेर अध्यादेशले शासन गर्ने परिपाटी यस वर्ष कम भए। तर, यो वर्ष पनि अध्यादेशरहित भने हुन सकेन। यस वर्ष सङ्घीय संसदलाई छलेर सरकारले अघिल्लो अधिवेशन अन्त्य भएको पाँच दिनपछि र पछिल्लो अधिवेशन आह्वान हुनुभन्दा चार दिन अगाडि २०८० वैशाख २० गते एउटा अध्यादेश जारी गऱ्यो। सरकारले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० (अध्यादेश, २०८०) जारी गरेको थियो। उक्त अध्यादेशले गरेको परिवर्तित व्यवस्था प्रतिस्थापन विधेयकबाट ऐनमा रूपान्तरित भई कार्यान्वयनमा समेत आइसकेको छ।

नीतिगत वा कानुनी प्रश्नमा सरकारको ध्यानाकर्षण गराउन, कुनै नीतिगत प्रबन्ध कार्यान्वयन गर्न वा नयाँ नीति तर्जुमा गर्न वा तत्काल नगरी नहुने कुनै समसामयिक विषयमा संसदमा लिखित रूपमा प्रस्ताव पेश गरी तत्काल छलफल गरी सरकारको ध्यानाकर्षण गराउने औजारका रूपमा प्रस्तावलाई लिइन्छ। सभाका नियमावलीहरूमा सङ्कल्प प्रस्ताव, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव र ध्यानाकर्षण प्रस्तावको व्यवस्था गरिएको छ (नियमावली, २०७५, २०७९)। यो वर्ष प्रतिनिधि सभामा आठ ओटा प्रस्ताव दर्ता भएकोमा कुनै पनि प्रस्तावउपर सभामा छलफल हुन सकेन। पहिलो अधिवेशनमा एक सङ्कल्प र दोस्रो अधिवेशनमा चार सङ्कल्पसहित तीन जरूरी सार्वजनिक महत्त्वका प्रस्ताव दर्ता भएका थिए। राष्ट्रिय सभामा दर्ता भएका दुई सङ्कल्प र एक जरुरी सार्वजनिक महत्त्वको विषयसहित तीन ओटा प्रस्तावमा छलफल भई प्रस्ताव कार्यान्वयनका लागि रूलिङसमेत भएको छ।

प्रतिनिधि सभाको पहिलो अधिवेशनमा सांसद बिनोद चौधरीले अर्थतन्त्र सवल बनाउने सम्बन्धमा सङ्कल्प प्रस्ताव दर्ता गरेको भए तापनि सो सम्बन्धमा छलफल हुन सकेन। त्यस्तै, दोस्रो अधिवेशनमा राष्ट्रिय स्वतन्त्र पार्टीका सुमना श्रेष्ठले नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहमा संलग्नलाई कानुनी दायरामा ल्याउने सम्बन्धमा, राष्ट्रिय स्वतन्त्र पार्टीकै डोलप्रसाद अर्यालले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम बजेटबाट हटाउन र राष्ट्रपतिबाट सजाय माफी दिने प्रक्रिया हचुवा खालको हुन नहुने र सोही पार्टीकै विराजभक्त श्रेष्ठले डेङ्गीको महामारी रोकथाम गर्नुपर्ने लगायत चारओटा सङ्कल्प

प्रस्ताव दर्ता भएका थिए। त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीकै सांसदहरूले सुन तस्करीसम्बन्धी विषयमा अध्ययन गर्न र लम्कीस्कीन रोग रोकथामसम्बन्धी विषयमा र एमालेका सांसद लीलानाथ श्रेष्ठले मधेशमा पानी नपर्दा सुख्खाका कारण आएको समस्यालाई सम्बोधन गर्न सुख्खा क्षेत्र घोषणा गर्नुपर्नेसम्बन्धी विषयमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरेका थिए। तर, संसदको दुवै अधिवेशनमा ती कुनै प्रस्तावमाथि छलफल हुन सकेन (घिमिरे, २०८०)।

यो वर्ष राष्ट्रिय सभामा दुई सङ्कल्प तथा एउटा जरुरी सार्वजनिक महत्त्वका प्रस्तावमाथि छलफल भए। तेह्रौँ अधिवेशनमा भुवनबहादुर सुनारले दर्ता गरेको दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक-सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्ताव (सङ्कल्प प्रस्ताव, २०८०) राष्ट्रिय सभामा छलफल भएको थियो। छलफलमा प्रधानमन्त्री स्वयम् उपस्थित भई जबाफ दिएका थिए। राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सरकारलाई सङ्कल्प प्रस्ताव कार्यान्वयन गर्न निर्देशन दिँदै त्यसको निरन्तर अनुगमन गर्न सभाअन्तर्गतका विषयगत समितिलाई पनि निर्देशन दिएका थिए (कान्तिपुर, २०७९) त्यसैगरी सभाको चौधौँ अधिवेशनमा सांसद प्रकाश पन्थले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्ताव दर्ता गराएकोमा सभाले छलफलपछि प्रस्ताव स्वीकृत गरेको थियो। उक्त सङ्कल्प प्रस्तावउपरको छलफलमा प्रधानमन्त्रीले सभामा जवाफ दिएका थिए।

त्यस्तै मदनकुमारी शाह (गरिमा) ले सुदृढ अर्थतन्त्र निर्माणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नेसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव (सार्वजनिक महत्त्वको प्रस्ताव, २०८०) दर्ता गराएकोमा उक्त प्रस्तावमाथि छलफल भएको थियो। छलफलमा उठेका विषयहरूमाथि अर्थमन्त्री डा. प्रकाशशरण महतले जवाफ दिएका थिए।

सरकारउपर निगरानी राख्ने निकै शक्तिशाली उपकरण प्रश्न हो। प्रतिनिधि सभा नियमावलीको परिच्छेद ८ र ९ तथा राष्ट्रिय सभा नियमावलीको परिच्छेद ८ मा प्रश्नोत्तरसम्बन्धी व्यवस्था गरिएको छ। प्रतिनिधि सभाको दोस्रो अधिवेशनमा २०८० जेठ ४, असार ८ र भदौ १२ गते प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर र विभिन्न मन्त्रालयसँग सम्बन्धित १५ ओटा मौखित प्रश्नोत्तर भएका थिए (घिमिरे, २०८०)। प्रतिनिधि सभाको पहिलो अधिवेशनमा विभिन्न मन्त्रालयसँग सम्बन्धित ७६ ओटा प्रश्न दर्ता भएका थिए। ती सबै प्रश्न प्रेम सुवालले दर्ता गराएका थिए। ७६ मध्ये ५५ ओटा मौखिक प्रश्नहरू सभामा टेबुल भएका थिए (सङ्घीय संसद सचिवालय, २०८०)। त्यस्तै सांसद सुमना श्रेष्ठले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित आठओटा लिखित प्रर्शन दर्ता गराएका थिए।

त्यस्तै, दोस्रो अधिवेशनमा प्रेम सुवाल, सुमना श्रेष्ठ, दिलेन्द्रप्रसाद बडू, प्रदीप पौडेल र तेजुलाल चौधरीलगायतले विभिन्न निकायसँग सम्बन्धित १ सय १५ ओटा मौखिक प्रश्न तथा तिनका उत्तरहरू सभामा टेबुल गरिएका थिए (पूर्ववत्)। यो वर्ष राष्ट्रिय सभामा प्रश्नोत्तर हुन सकेन।

**सङ्घीय संसदका समितिहरूको गठन**

संसदमा विधि निर्माणदेखि निगरानी, अनुगमन र मूल्याङ्कन तथा सरकारउपर नियन्त्रणसम्मका क्रियाकलापमा मुख्य भूमिका संसदीय समितिहरूको हुन्छ। सम्बन्धित सभाका नियमावली अनुसार प्रतिनिधि सभामा १० र राष्ट्रिय सभामा चारओटा विषयगत समिति रहने व्यवस्था गरिएको छ (नियमावली, २०७५, २०७९)। नेपालको संविधानको धारा ५४ र धारा २ सय ९२ बमोजिमका दुई ओटा संयुक्त समितिसमेत गरी १६ ओटा संसदीय समिति स्थायी समितिका रूपमा क्रियाशील छन्। तर, संसदको वास्तविक कार्यशाला वा मिनीसंसदको रूपमा लिइने संसदीय समितिहरू प्रतिनिधि सभाले कार्यारम्भ गरेको लामो समयसम्म पनि गठन हुन सकेनन्। स्थायी सदन राष्ट्रिय सभाका स्थायी समितिहरू क्रियाशील रहिरहेको भए तापनि प्रतिनिधि सभा नियमावली बमोजिमका प्रतिनिधि सभाका १० ओटा समिति र नेपालको संविधान बमोजिमका दुई संयुक्त समिति लामो समयसम्म गठन हुन सकेनन्।

राजनीतिक खिचातानीका कारण पहिलो अधिवेशन समाप्त हुने अन्तिम दिन २०८० वैशाख १५ गते सभामुखले समितिका सदस्यहरूको नाम अनुमोदनका लागि बैठकमा प्रस्तुत गरेका थिए जुन सर्वसम्मत पारित भयो (हिमालखबर, २०८० वैशाख)। तर, तिनै समितिका सभापति चयन हुन थप चार महिना लाग्यो। राजनीतिक भागबण्डा र असमझदारीले लामो समयसम्म समितिका सभापति चयन प्रक्रियामा

संसदमा उपस्थित भएका प्रमुख राजनीतिक दलले नै अग्रसरता लिएनन्।

ढिलै भए पनि गठन भएका संसदीय समितिले सभाको अनुपस्थितिमा सरकारउपरको निगरानीलाई जुन ढङ्गले अगाडि बढाउनु पर्दथ्यो, त्यसो हुन सकेको पाइएन। संसद अधिवेशन चालु नरहेको समयमा समेत संसदको कार्यकालभर नियमित सञ्चालन हुने समितिमा संसदीय काम कारबाही प्रभावकारी ढङ्गले हुने तथा समितिका सदस्यबाहेकका सरोकारवालाले समेत धारणा राख्न पाउने भएको हुँदा सरकारउपरको निगरानीका लागि समितिलाई प्रभावकारी बनाउनु पर्ने मानिन्छ। संसदमा विधि निर्माणदेखि लिएर निगरानी, अनुगमन र मूल्याङ्कन तथा सरकार नियन्त्रणसम्मका क्रियाकलापमा मुख्य भूमिका मिनी संसद अर्थात् संसदीय समितिको हुन्छ।

**सीमित संसदीय सुनुवाइ समितिः प्रक्रिया र औपचारिकता**

नेपालको संविधान बमोजिम संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु अघि सङ्घीय कानुन बमोजिम संसदीय सुनुवाइ हुने र सोको प्रयोजनका लागि सङ्घीय संसदका दुवै सदनका सदस्यहरू १५ सदस्यीय संयुक्त समिति गठन गरिने व्यवस्था रहेको छ (धारा २९२)। तर त्यस्ता पदमा नियुक्ति हुनुपूर्व संसदीय सुनुवाइ भए तापनि त्यसलाई प्रक्रिया मात्र बनाइयो। सुनुवाइ समिति दलीय सहमति अनुमोदनको थलोमात्र बनेको टिप्पणी हुने गरेको छ।

संविधान अनुसार संसदीय सुनुवाइ प्रकृयाबाट नियुक्त हुने पदका उम्मेदवारले आफ्नो विशेषज्ञता र अनुभव तथा आगामी कार्ययोजनाहरूलाई संसदीय समितिमार्फत् जानकारी गराउने हुँदा आफू पदमा रहँदा आफूले गर्ने नीति निर्माण र निर्णयको सुनिश्चितता गराउँछ। तर, यसलाई परम्परा धान्ने कडीका रूपमा मात्र प्रयोग गरेको अनुभूति भयो। संसदीय सुनुवाइ समितिको सभापति चयन नहुँदा समितिको बैठक ज्येष्ठ सदस्यले गर्ने नियमअनुसार बैठक सञ्चालन हुँदै आएको छ। संसदीय सुनुवाइ समितिको सभापति चयन नहुँदा एकै दिन चार जनासम्मले पटक-पटक बैठकको अध्यक्षता गर्ने अवस्था सिर्जना भयो (हिमालखबर, २०८० वैशाख)।

**सङ्क्रमणकालीन न्यायका सवालमा अकर्मण्यता**

प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा सात महिनादेखि अलपत्र परेको सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्गो लाग्न सकेको छैन। विचाराधीन 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' लाई संशोधन गर्न बनेको विधेयक' मा अधिकांश विषयमा दलबीच समझदारी भए पनि विवादमा रहँदै आएका महत्त्वपूर्ण विषयमा सहमति हुन सकेन। समितिले विचाराधीन विधेयकका अधिकांश बुँदामा सहमति गरेको भए पनि राजनीतिक दलबीच केही बुँदामा असहमति रहेपछि अघि बढ्न सकेको छैन। दफावार छलफलका लागि समितिमा प्राप्त भएपछि समितिले २०८० जेठ ५ गते ११ सदस्य उपसमिति गठन गरी छलफल अगाडि बढाएको थियो।

**मञ्जुषा ३.३.१ संसदको संयुक्त बैठकमा राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सङ्क्रमणकालीन न्याय सम्बन्धमा राखेको मुख्य तीन बुँदा**

- सङ्क्रमणकालीन न्यायको माध्यमबाट युद्धको घाउ निको पार्दै यसमा उठ्ने प्रश्नहरू र अन्यायद्वारा त्रसित पीडित व्यक्ति, परिवार र समुदायलाई शान्ति दिने र विगतलाई पूर्णविराम दिन मद्दत गर्ने प्रक्रिया हुनुपर्छ।
- सङ्क्रमणकालीन न्यायमा सफलताको सबैभन्दा ठूलो सम्भावना हुन्छ जब यो समावेशी तथा बृहत् हुन्छ र यसको केन्द्रमा पीडितहरू हुन्छन्।
- सत्य, क्षतिपूर्ति र न्यायमा केन्द्रित हुनुपर्ने मात्र होइन महिलाहरू पूर्ण रूपमा सहभागी हुनका अतिरिक्त मानव अधिकार उल्लङ्घनका सबै पीडितहरूले अर्थपूर्ण समाधान पाउन सक्नुपर्छ।

उपसमितिले दफावार छलफलबाट प्राप्त सुझावका आधारमा समितिमा प्रतिवेदन पेस गरेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यकाल चार वर्ष बनाउनेमा उपसमितिमा सहमति जुट्यो। आयोगको कार्यकाल पहिले दुई वर्ष थियो ।

संसदीय समितिले द्वन्द्वकालमा जबरजस्तीकरणी र गम्भीर यौनजन्य हिंसा पीडितले उजुरी दिन पाउने व्यवस्था विधेयकमा थपेको छ । सरकारले यो विषय

नराखी विधेयक ल्याएकोमा दफावार छलफलपछि तयार प्रतिवेदनमा भनिएको छ, ‘अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जबरजस्तकरणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजका तर्फबाट उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकका लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी आयोगले उजुरी माग गर्नेछ (प्रतिवेदन, २०८०)।’

दफावार छलफलका क्रममा दलबीच सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दा सुनुवाइका लागि सर्वोच्च अदालतमा एक इजलास रहने विषयमा पनि सहमति बनेको छ। त्यस्तै, आयोगले पीडित पक्षका लागि सिफारिस गरेको परिपूरणमा चित्त नबुझेमा अदालत जानका लागि कानुनी व्यवस्था गर्ने लगायत विषयमा पनि सहमत भएका छन् ।

तर, सहमति हुन नसकेका विषयहरूमा मानव अधिकारको गम्भीर उल्लङ्घनमा समावेश स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक गरिएको हत्या/दोहोरो भिडन्तबाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने ?, सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने ?, मानव अधिकार उल्लङ्घनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ? र घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने ? भन्ने रहेका छन् (महरा, २०८०) ।

प्रतिनिधिसभामा तीन दर्जन सांसदले १ सय ८६ संशोधन दर्ता गराएका यस विधेयकमा छलफल चलिरहेकै बेला अमेरिका, बेलायत, युरोपेली सङ्घलगायत नेपालस्थित राजदूतहरूले सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्दा त्यसमा अन्तर्राष्ट्रिय मान्यतामा ध्यान पुऱ्याउन भन्दै शीर्ष नेतालाई भेटेर कुटनीतिक लबिङ गरेका थिए। विधेयकमा द्वन्द्वपीडितहरूले जनाइरहेको सरोकार कसरी सम्बोधन हुन्छ भन्ने उनीहरूको चासो थियो ।

**प्रदेश सभाहरू : विधेयक निर्माणमा अलमल**

विधि निर्माण र कार्यपालिकामाथिको निगरानीका सम्बन्धमा प्रदेश सभाको अवस्था पनि सङ्घीय संसदको भन्दा फरक छैन। सात प्रदेश सभामध्ये कतिपय सभाबाट त यस अवधिमा एउटा पनि नियमित कानुन निर्माणको प्रक्रिया पूरा हुन सकेन। ६ ओटा प्रदेशसभामा निर्धारित समयमा सम्बन्धित प्रदेश सरकारका बजेट पेश भई त्यससँग सम्बन्धित विधेयकहरू पारित भएका छन् भने कोशी प्रदेश सरकारले अध्यादेश मार्फत सार्वजनिक गरेको बजेटलाई प्रदेशसभाले अनुमोदन गरेको छ।

**कोशी प्रदेश**

कोशी प्रदेश सभाको पहिलो बैठक यस वर्षको पहिलो दिन नै बसेको थियो। यो एक वर्षको अवधिमा कोशी प्रदेश सभाको जम्मा ५५ ओटा बैठक भए। प्रदेश सभाले तीन ओटा मुख्यमन्त्रीको पदमा दुई पटक विश्वासको मत दिएर र सरकारको नेतृत्व हस्तान्तरण गरेको थियो भने एक जना मुख्यमन्त्री प्रदेश प्रमुखबाट नियुक्त भए पनि विश्वासको मत लिनै नपाइ पदमुक्त भएका थिए (यसमा हेर्नुहोस् कार्यपालिका)। साथै प्रदेश सभाबाट पहिलोपटक निर्वाचित सभामुखले ६ महिनाको कार्यकालपछि सरकारको नेतृत्व परिवर्तनका लागि राजीनामा गरेपछि वर्षको अन्त्यसम्म सभामुखको निर्वाचन हुन सकेन। एक वर्षको अवधिमा आठ ओटा विधेयक सभाबाट पारित भएकोमा ‘कोशी प्रदेश सामयिक राजस्वसम्बन्धी विधेयक, २०८०’ भने प्रदेश प्रमुखबाट प्रमाणीकरण हुन बाँकी छ (उद्घोष, २०८० पुस २०)।

**मधेश प्रदेश**

प्रदेश सभामध्ये सबै भन्दा लामो चलेको पहिलो हिउँदे अधिवेशन असार ३१ गते अन्त्य हुँदा ३६ ओटा बैठक सम्पन्न भएको थियो (इकागज, २०८०)। यस अवधिमा सात ओटा विधेयक प्रदेश सभामा दर्ता भए। जसमध्ये केही ऐनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक, २०७९ र बजेट सहितका आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० गरी तीन ओटा विधेयक मात्र पारित भए भने अन्य चार ओटा विधेयक विषयगत समितिमै रहेका छन्। जसमा प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, स्थानीय सेवाको गठन सम्बन्धमा र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक र मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था विधेयक विषयगत समितिबाट प्रदेश सभामा फर्किएका छैनन्।

मधेश प्रदेशसभामा सात ओटा विषयगत समिति रहेका छन्। समितिले नेतृत्व पाउन यो वर्षको अन्त्यसम्म कुर्नुपऱ्यो। दलीय भागबण्डा नमिल्दा सात

ओटा समितिमध्ये पाँच ओटा समितिको सभापति चयन भइसक्दा पनि दुई ओटा समितिको सभापति यस वर्षको अन्तिम मङ्सिर १४ गतेमात्र चयन भए।

**बागमती प्रदेश**

यस प्रदेशमा पनि सङ्घीय सरकारको सत्ता गठबन्धनमा आएको परिवर्तनसँग पहिलो अधिवेशनमा नै मुख्यमन्त्री शालिकराम जम्कट्टेलले दुईपटक विश्वासको लिनु परेको थियो। यस अधिवेशनमा १६ ओटा प्रदेशसभाको बैठक बस्यो (नागरिक, २०८०)। यस अधिवेशनमा विधेयक निर्माणको त कुरै छाडौं ६ महिना पछि संसदीय समिति गठन भए पनि समितिका सभापतिको चयन हुन सकेको छैन।

दोस्रो अधिवेशनमा सरकारको आर्थिक वर्ष २०८०/०८१ को बजेट पारित भएको थियो। अधिवेशनमा ३८ ओटा बैठक सञ्चालन हुँदा ध्यानाकर्षण प्रस्ताव र सङ्कल्प प्रस्ताव एक/एक ओटा पारित गरेको छ। त्यस्तै उक्त अवधिमा अर्थसम्बन्धी दुई ओटा विधेयकसहित चार ओटा विधेयकहरू पारित भएको छ। प्रदेश सभाको यस अवधिमा आर्थिक विधेयक २०८० र विनियोजन विधेयक २०८० सहित प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित भएका छन्।

**गण्डकी प्रदेश**

अघिल्लो वर्षको अन्त्यमा भएको प्रदेश सभाको निर्वाचनबाट निर्वाचित सांसदहरूको यस वर्षको सुरुआतसँगै पुस १८ गते गण्डकी प्रदेश सभाको पहिलो बैठक बसेको थियो। यस एक वर्षको अवधिमा बसेको प्रदेश सभाको पहिलो र चौथो प्रदेश सभामा ५७ बैठक बस्यो भने दोस्रो र तेस्रो अधिवेशन मुख्यमन्त्रीको विश्वासको मत लिनका लागि सञ्चालन गरिएको थियो। सङ्घीय सरकारको सत्ता गठबन्धनमा भएको परिवर्तनले यसबिचमा प्रदेश सभाले दुई जना मुख्यमन्त्रीको नेतृत्वमा सरकार बनायो। सुरुमा बनेको एमालेका सांसद खगराज अधिकारी नेतृत्वको सरकार ढलेपछि कांग्रेसका सांसद सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकार बनेको हो। यस प्रदेशको पहिलो बैठकमा गण्डकी प्रदेश निजामती सेवा र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश टेबुल भए। विधेयकका रूपमा टेबुल भएको दुई अध्यादेश संशोधन नै नभई पारित भयो। उक्त अध्यादेश यस अघिका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारले ल्याएको थियो।

यससँगै सरकारले विनियोजन ऐन संशोधन गर्‍यो। यस प्रदेशमा आफ्नो सरकारको अनुकूलताका लागि ऐन संशोधन गर्न प्रदेश सभामा पेश गर्ने गरेको पाइयो। सरकारले भाषा संशोधन गर्ने भन्दै एकै पटक ३४ ओटा ऐन संशोधन गर्ने गरी केही गण्डकी प्रदेश ऐन, संशोधन गर्न बनेको विधेयक संसदमा दर्ता गरायो। उक्त विधेयकमा प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन समेत थियो (नेपाल प्रेस, २०८०)। प्रदेश सभामा पेस भएको गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकमार्फत प्रदेशले अधिकार खोस्न लागेको भन्दै स्थानीय तहहरूको विरोधका बीच पारित भएको थियो।

यो प्रदेशमा पनि सङ्घीय संसद जस्तै सांसदहरू प्रदेश सभामा उपस्थिति नाममात्रको हुने गरेको पाइयो। प्रदेश सभा नियमावली व्यवस्था गरेको संसदीय समिति राजनीतिक भागबन्डा नमिल्दा ६ महिनापछि मात्र गठन भएका सभापति पाउन अर्को दुई महिना कुर्नुपर्‍यो।

**लुम्बिनी प्रदेश**

यस वर्ष सम्पन्न भएका दुई ओटा अधिवेशनमा लुम्बिनी प्रदेश सभाको ३५ ओटा बैठक भए। पहिलो अधिवेशनमा १० ओटा बैठक बसेको भए पनि कुनै पनि विधेयक पारित हुन सकेन (गौतम/शाह, २०८०)। दोस्रो अधिवेशनमा सात ओटा विधेयक दर्ता भएका थिए भने चार ओटा विधेयक पारित भएका छन्।

एक वर्षमा लुम्बिनी प्रदेश सभाले पनि दुई सरकार पायो । पहिलो मुख्यमन्त्रीका रूपमा एमाले संसदीय दलका नेता लीला गिरी पुस २७ गते नियुक्त भएका थिए । सङ्घीय सरकारको गठबन्धनमा आएको फुटसँगै माओवादीले एमालेसँगको गठबन्धन तोडेपछि माओवादीसहित प्रदेशसभाका १० मध्ये आठ दलको समर्थनमा कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी वैशाख १४ गते मुख्यमन्त्रीमा बनेका हुन्।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेश सभाको यो वर्ष दुई ओटा अधिवेशन सम्पन्न भएको छ। प्रदेश सभाको दोस्रो कार्यकालको लागि भएको निर्वाचनपछिको पहिलो अधिवेशनमा मुख्यमन्त्रीले विश्वासको मत लिने तथा प्रदेश सभामुख र उपसभामुख निर्वाचन सम्पन्न गर्ने

बाहेकको उल्लेख्य कुनै गतिविधि भएन। यस अधिवेशनमा १५ ओटा बैठक सम्पन्न भएका थिए।

यसैगरी, प्रदेशसभाको दोस्रो कार्यकालको दोस्रो तथा बजेट अधिवेशनले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र विभिन्न विधेयक पारित गरेको छ (नयाँ पत्रिका, २०७९)। यस अधिवेशनबाट चार ओटै विषयगत समितिको सभापति निर्वाचित भएका छन्। साथै, यो अधिवेशनले कर्णाली प्रदेश प्रतिष्ठान विधेयक र प्रदेश निजामती कर्मचारी विधेयक पारित गरेको छ भने कर्णाली प्रदेश खेलकुद विकास ऐन संशोधन, कर्णाली प्रदेश प्रहरी सेवा र विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धित समितिहरूमा पठाएर अघि बढाएको छ। यस अधिवेशनमा कूल ३९ बैठक बसेको थियो।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेश सभाको गठन भएको एक वर्षको अवधिमा दुई ओटा अधिवेशनमा ३७ ओटा बैठक सम्पन्न भए। प्रदेश सभाको पहिलो अधिवेशनमा नौ ओटा बैठक सम्पन्न भयो भने दोस्रो अधिवेशनमा २८ ओटा बैठक सम्पन्न भयो। यस प्रदेश सभाबाट यो एक वर्ष दुई ओटा नयाँ कानुन र दुई ओटा कानुन संशोधन गरी चार कानुन पारित भएका छन्। जसमा सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक, सुदूरपश्चिम प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८०, विनियोजन विधेयक र सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८० रहेका छन्।

यस अवधिमा विषयगत समिति विधायन तथा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास समिति गठन भए। समिति गठन भए पनि राजनीतिक भागबण्डा नमिल्दा एक वर्षसम्म समितिका सभापति चयन हुन सकेको छैन। समितिका सभापति निर्वाचनको लागि पटकपटक प्रदेश सभा सचिवालयले सूचना प्रकाशन गरे पनि अन्तिम अवस्थामा आएर स्थगित हुँदै आएको छ (नेपाल लाइभ, २०८०)।

**निष्कर्ष**

दोस्रो कार्यकालको पहिलो एक वर्षमा सङ्घीय संसद र प्रदेश सभाहरूले आफ्ना मुलभूत जिम्मेवारी समेत पूरा गर्न सकेनन्। पहिलो पाँच वर्षको अनुभवका आधारमा कानुन निर्माण, सरकार निर्माण तथा सरकारउपर नियन्त्रण र जनताको प्रतिनिधित्व गर्नुपर्ने व्यवस्थापिका मूलत: सरकार निर्माणबाहेक अरू विषयमा प्रभावकारी हुन सकेन। अझै दु:खद् विषय त सङ्घमा सरकार परिवर्तन हुने बित्तिकै त्यसको प्रभाव प्रदेश सरकारमाथि समेत गर्ने जटिल रोगको शिकार बने प्रदेश सभाहरू। सङ्घीय संसदमै हेर्दा प्रतिनिधि सभामा अवरोध भएमा राष्ट्रिय सभामा स्वत: अवरोध हुने र प्रतिनिधि सभामा समाधान हुँदा राष्ट्रिय सभामा तत् विषयको यथोचित सम्बोधन बिनै अवरोध हट्ने अपरिपक्व संसदीय अभ्यासको थालनी भएको छ।

अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संविधानले निर्धारित अवधिभन्दा ढिलो गरी पारित हुँदासमेत एक जना प्रतिपक्षी सांसदले उक्त प्रक्रियामाथि प्रश्न उठाउन नसक्नुले संसदीय अभ्यास या त कार्यकारी छायाँमा छ वा अति कमजोर भन्ने देखिन्छ।

यो वर्ष पनि संसदले संविधान कार्यान्वयनका लागि बनाउनु पर्ने सङ्घीय निजामती ऐन, सङ्घीय शिक्षा ऐन जस्ता अति महत्त्वपूर्ण कानुन बनाउन सकेन। न त सरकारले नै संसदलाई पर्याप्त विधेयक पठाएर काम दिन सक्यो। मन्त्रिपरिषद्ले निर्णय गरेको दुई महिनापछि विद्यालय शिक्षा विधेयक संसदमा पठाएको सरकारले २०८० भदौ २१ मा सङ्घीय निजामती विधेयक संसदमा पठाउने निर्णय गऱ्यो भनी व्यापक प्रचार गरेतापनि पाँच महिना पुग्दासम्म पनि उक्त विधेयक संसदमा पुऱ्याउन सकेको छैन। बरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा प्रकाशित उक्त दिनको मन्त्रिपरिषद्को निर्णयको विवरणमा उक्त विषय नै पाउन सकिँदैन। यो वर्ष संसदमा गैरसरकारी विधेयकहरूको पनि खासै प्रस्तुत हुन सकेनन्। राष्ट्रिय सभाले एउटा मात्र गैरसरकारी विधेयक पारित गरी प्रतिनिधि सभामा पठाएको छ। कानुन कार्यान्वयनको अवस्था अध्ययन र र सरकारका काम कारबाहीका निगरानी गर्ने, त्यसैगरी सरकार तथा सार्वजनिक निकायको निगरानी गर्दै प्राप्त तथ्यअनुसार सम्बन्धित निकायलाई निर्देशन दिने दायित्वमा पनि संसद धेरै प्रभावकारी रहन सकेन। अपवादबाहेक आकस्मिक समय, शून्य समय र विशेष समयसमेत राजनीतिक मुद्दामा नै खर्च गरे जुन सर्वथा अनुचित हो। तर, त्यसतर्फ संसद गम्भीर देखिँदैन। मूलत: प्रदेश सभाहरूको अवस्था पनि उस्तै रहेको छ।

अर्कोतर्फ संसद अधिवेशन आह्वान र अन्त्यको सिफारिस गर्ने मात्र नभई सदनलाई बिजनेश दिने काम

पनि सरकारको हो। संसदले बिजनेश नपाउनु भनेको सरकार संसद मार्फत जनताप्रति उत्तरदायी र जवाफदेही हुन नखोज्नु हो। सदनको नेता प्रधानमन्त्री स्वयम् हो। संवैधानिक व्यवस्था र लोकतन्त्रको मर्म अनुरूप प्रधानमन्त्री र मन्त्रीहरू सामुहिक रूपमा मात्र नभई व्यक्तिगत रूपमा पनि संसदप्रति जवाफदेही हुनैपर्छ। जननिर्वाचित सांसद स्वयम् पनि जनताप्रति उत्तरदायी हुनपर्छ। तसर्थ सरकारका काम र संसदीय गतिविधि परिणामुखी हुनसक्नु पर्दछ। प्रदेश सभा, विषयगत समितिहरू र संसद स्वयम्को सक्रियता प्रदेश संरचनाको अपेक्षा अनुरूप हुन सकेन।

**सुझाव**

सङ्घीय संसद वा प्रदेश सभा दुवै व्यवस्थापिकीय अङ्गहरू जनताका प्रतिनिधिमूलक संस्था हुन्। यी संस्थाहरूको प्रभावकारिताले प्रजातान्त्रिक मूल्य र मान्यताहरूको संस्थागत गर्ने कुरामा योगदान गर्दछन्। कार्यकारी शक्ति युक्त सरकारलाई जनताप्रति उत्तरदायी बनाउनका लागि संसदीय अभ्यास र प्रभावकारिता अभिवृद्धिका लागि देहायका सुझाव सिफारिस गरिएको छ-

- सङ्घीय संसदले आफ्नो मूल जिम्मेवारीमा प्रभावकारिता ल्याउन कानुन निर्माण, सरकारउपरको निगरानी, जनताका आवाजको सार्वजनिकीकरण लगायतमा ध्यान केन्द्रित गर्नु पर्ने,
- सरकारलाई संसदप्रति वास्तविक रूपमा उत्तरदायी बनाउन आकस्मिक, शून्य र विशेष समयमा सांसदहरूले उठाएका विषयमा अनिवार्य सम्बोधन गर्नुपर्ने गरी बाध्यकारी बनाउने,
- संसदीय प्रस्तावहरूको कार्यान्वयन गर्न सरकारलाई समय तोकी प्रगति माग गर्ने आवधिक कार्यान्वयन प्रगति पेश गर्ने बाध्यकारी व्यवस्था र परिपाटी बसाउने,
- विधेयक संसदमा प्रवेश पश्चात् पारित हुनुपर्ने समयसीमाको निर्धारण गरी वार्षिक कार्यतालिका बनाउने,
- संविधान कार्यान्वयन र सङ्घीय व्यवस्थाको कार्यान्वयनसँग जोडिएका संविधान अनुसार बन्नुपर्ने कानुनहरू एक वर्षभित्रमा बनाइसक्ने गरी सरकार र संसदले संयुक्त रूपमा कार्यतालिका बनाइ लागु गर्ने।

**सन्दर्भ सामग्री**


इकागज (२०८० भर्दा २९), *दुई महिनादेखि मधेश प्रदेश सभा बैठकविहीन,* इकागज। https://ekagaj.com/article/pradesh-1/152156/

उद्घोष दैनिक (२०८० पुस २०), *अलमलमै बित्यो कोशी प्रदेशसभाको एक वर्ष: जम्मा बैठक सङ्ख्या ५५ ओटा, सांसदले पाए १९ लाख भत्ता,* उद्घोष दैनिक। https://udghoshdaily.com/news/520627-240105102036/detail

एमालेसहित दलको समर्थनमा प्रधानमन्त्री नियुक्त पुष्पकमल दाहाल (प्रचण्ड)ले पहिलो पटक २०७९ पुस २६ गते र राष्ट्रपतिको निर्वाचनका कारण सत्ता गठबन्धनमा बदलाव आएसँगै नेपाली कांग्रेससहितको समर्थनमा दोस्रो पटक २०७९ चैत ६ गते विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष प्रस्ताव गरेकोमा दुवै बैठकको बहुमतले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको थियो।

कानुन न्याय तथा मानव अधिकार समितिबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक सम्बन्धमा गठित उपसमितिको प्रतिवेदन, २०८० (२०८० असोज २०), *प्रतिनिधि सभा नेपाल।* https://hr.parliament.gov.np/uploads/attachments/h6x1syfr7boctxli.pdf

कान्तिपुर (२०७९ चैत ९), *दलितमाथिको विभेद अन्त्य गर्न संकल्प प्रस्ताव पारित,* कान्तिपुर। https://ekantipur.com/news/2023/03/23/167953895317835607.html

गौतम, घनश्याम /शाह, अर्जुन (२०८० पुस २०), *लुम्बिनी र सुदूरपश्चिम प्रदेशसभा: विषयगत समिति एक*

*वर्षसम्म नेतृत्वविहीन,* कान्तिपुर । https://ekantipur.com/news/2024/01/05/the-subject-committee-has-been-without-a-leader-for-a-year-39-29.html

घिमिरे, राजन (२०८०), *प्रतिनिधि सभा, २०७९ र हालसम्मका मुख्य उपलब्धि, सङ्घीय संसद स्मारिका,* सङ्घीय संसद सचिवालय, पृ. १८५।

धारा ७६, नेपालको संविधान (२०७२)। उपधारा १०।

धारा ५६, नेपालको संविधान (२०७२)।

धारा ८३, धारा १७५, धारा २२१, नेपालको संविधान। नेपालको संविधान (२०७२) धारा,

धारा २९२, नेपालको संविधान।

नयाँ पत्रिका (२०७९ माघ ४), *कर्णाली प्रदेश सभाको दोस्रो अधिवेशन अन्त्य, दुईवटा विधेयक पारित,* नयाँ पत्रिका। https://www.nayapatrikadaily.com/news-details/126210/2023-10-10

*नागरिक न्युज* (२०८० वैशाख १३), *बागमती प्रदेशसभा अधिवेशन अन्त्य, मन्त्रिपरिषद् विस्तार अन्यौलमै,* नागरिक न्यूज । https://nagariknews.nagariknetwork.com/politics/1156931-1682514255.html

नियम ७१, ७२ र ७९, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम ६६, ६७ र ७८, राष्ट्रिय सभा नियमावली, २०७५।

नियम १७३, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम १४७, राष्ट्रिय सभा नियमावली, २०७५।

नेपाल प्रेस (२०८० पुस १९), *गण्डकी प्रदेश सभाको एक वर्ष : सांसदको तलब भत्तामा ८ करोड स्वाहा, देखिँदैन सांसदको सक्रियता,* नेपाल प्रेस। https://www.nepalpress.com/2024/01/04/414888/

नेपाल लाइभ (२०८० मङ्सिर ११), *सुदूरपश्चिम प्रदेश सभाका विषयगत समिति नेतृत्वविहीन,* नेपाल लाइभ। https://nepallive.com/story/318478

प्रतिनिधि सभा पहिलो अधिवेशन, २०७९, *सदनमा टेबल भएका प्रश्नोत्तर,* सङ्घीय संसद सचिवालय, २०८०।

प्रतिनिधि सभा दोस्रो अधिवेशन, २०८०, *सदनमा टेबल भएका प्रश्नोत्तर,* सङ्घीय संसद सचिवालय, २०८०।

प्रस्तावको पूर्ण "दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने" सम्बन्धमा दर्ता भई सभामा छलफल भएको संकल्प प्रस्ताव। (२०८० वैशाख ४) राष्ट्रिय सभा, नेपाल। https://na.parliament.gov.np/np/publication/1681724986

महरा, जयसिंह (२०८० असोज २५), *सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकका विवाद सल्टाउने जिम्मा शीर्ष नेतालाई,* कान्तिपुर-नेपालको राष्ट्रिय दैनिक। https://ekantipur.com/news/2023/10/12/the-top-leader-is-tasked-with-resolving-disputes-over-the-transitional-justice-bill-31-42.html

मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८० (२०८०) *प्रतिनिधि सभा नेपाल* । https://hr.parliament.gov.np/np/bills/xLPQ7yIn

घिमिरे, राजन (२०८०), *प्रतिनिधि सभा, २०७९ र हालसम्मका मुख्य उपलब्धि, सङ्घीय संसद स्मारिका,* सङ्घीय संसद सचिवालय, पृ. १८६।

राष्ट्रपतिले संविधानको धारा ९३ बमाजिम प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएपछि २०७९ पुस २५ गते सङ्घीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरी सोही दिनको ४.०० बजे प्रतिनिधि सभाको पहिलो अधिवेशन (दोस्रो कार्यकाल) को पहिलो बैठक र राष्ट्रिय सभाको तेह्रौ अधिवेशनको पहिलो बैठक बसेको थियो।

राष्ट्रपतिबाट २०८० वैशाख २० गते जारी अध्यादेश त्यसपछि बसेको सङ्घीय संसदका दुवै सभाको पहिलो बैठकमा २०८० वैशाख २४ गते पेश भएको हुँदा नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ग)

बमोजिम २०८० असार २० गते प्रतिस्थान विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भईसक्नुपर्नेमा २०८० असार ३१ गते प्रतिनिधि सभामा विधेयकको उद्देश्य र कारणमाथि संशोधन गर्दै पारित गरेको थियो। प्रतिनिधि सभाको उक्त संशोधनमाथि २०८० साउन ११ गते भएको छलफलमा विधेयक प्रस्तुतकर्ता कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले विधेयकको प्रक्रियागत पक्षमा त्रुटि भएको स्वीकार गर्दै अध्यादेश प्रतिस्थापन विधेयकलाई सामान्य विधेयक सरह अगाडि बढाएकोमा माफी माग्दै विधेयकको विषयवस्तुका आधारमा समान्य विधेयक सरह अगाडि बढाउन अनुरोध गरे। सभाका अध्यक्षले संविधान बमोजिम आफूलाई प्राप्त हुने विशेषाधिकारको प्रयोग गरी "नजिर नबस्ने गरी विधेयकको कारबाही अगाडि बढाउन आदेश दिएपश्चात् राष्ट्रिय सभाबाट सोही दिन पारित भई राष्ट्रपतिबाट २०८० साउन १२ गते प्रमाणीकरण भएको थियो।

राष्ट्रिय सभा, नेपाल (२०८०), *तेह्रौं अधिवेशन अवधिमा सभाबाट सम्पादित मुख्य मुख्य काम कारबाहीको संक्षिप्त विवरण,* राष्ट्रिय सभा। https://na.parliament.gov.np/uploads/attachments/4upycahxsogmnfr8.pdf

सङ्घीय संसद संयुक्त सभा अधिवेशन, २०८० का सबै सूचनाहरू (२०८० कात्तिक १८), *प्रतिनिधि सभा, नेपाल*। https://hr.parliament.gov.np/np/publication/1699516788

सङ्घीय संसद संयुक्त सभा अधिवेशन, २०८० का सबै सूचनाहरू (२०८० कात्तिक १८), *प्रतिनिधि सभा, नेपाल*। https://hr.parliament.gov.np/np/publication/1699516788

सङ्घीय संसदका दुवै सभाले पारित गरी २०७९ साउन १६ गते प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाएको विधेयक पुनर्विचारका लागि २०७९ साउन २९ गते संसदमा फिर्ता आएकोमा पुन: संसदले सोही रूपमा पारित गरी प्रमाणीकरणका लागि दोस्रो पटक २०७९ भदौ २० गते पठाएकोमा संविधानले निर्धारित गरेको अवधिभित्र प्रमाणीकारण नगरी, संसदमा फिर्ता समेत नगरी राखेकोमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले आफूलाई निर्वाचित गर्ने भन्दा अघिल्लो संसदले पठाएको विधेयक ९ महिनापछि २०८० जेठ १७ गते प्रमाणीकारण गरेका थिए।

संसद दर्पण, अङ्क २८ (२०७९, कात्तिक), *सङ्घीय संसदमा विधेयकको अवस्था,* सङ्घीय संसद सचिवालय, पृ. १३६।

सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने "विषयक सभामा दर्ता भएको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव (२०८० वैशाख ४) *प्रतिनिधि सभा नेपाल* । https://na.parliament.gov.np/np/publication/1681725828

हिमाल खबर (२०८० वैशाख), *संसदीय समिति गठन, कुन समितिमा को सांसद ?,* हिमालखबर। https://www.himalkhabar.com/news/135559

सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति प्रतिवेदन, २०७९ (२०७९ माघ ४), *राष्ट्रिय सभा, नेपाल* । https://na.parliament.gov.np/np/publication/1674024283

हाम्राकुरा (२०८० वैशाख १७), *एउटा पनि कानुन नबनाइ संसदको पहिलो अधिवेशन अन्त्य, समितिको काम कहिलेबाट,* हाम्राकुरा। https://hamrakura.com/. https://hamrakura.com/news-details/146688/2023-04-30https://